नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १०० २०८२ साल कात्तिक २९ गते शनिबार (15 Nov 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : टेलिकमको ‘बिलिङ टेन्डर’... ३ पृष्ठमा : मधेसमा उमेर नपुग्दै विवाह ... ३ पृष्ठमा :“रुसी आक्रमणमा ...

# लामो समयदेखी प्रअ अनुपस्थित हुँदा विद्यालयको पठनपाठनदेखि अन्य कामकाज समेत प्रभावित




**दैनिक समाचारदाता**
**राजविराज, २८ कात्तिक ।**
सप्तरीको बिष्णुपुर गाउँपालिका १ स्थित जनता माध्यामीक विद्यालय खुरहुरियाका निमित्त प्रधानाध्यापक लामो समयदेखि अनुपस्थित हुँदा विद्यालयको पठनपाठन तथा प्रशासनिक काम समेत प्रभावित भएको छ ।

विद्यालयका निमित्त प्रधानाध्यापक अशोक कुमार यादव चार महिनादेखि विद्यालयमा अनुपस्थित हुदा विद्यालयको पठनपाठनदेखि अन्य दैनिक कामकाज र व्यवस्थापनमा समेत प्रभावित भएको हो ।

विद्यालयका शिक्षक, लेखा अनुगमन समितिले विद्यालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै प्रधानाध्यापक यादवले विभिन्न शिर्षकको बजेट अनियमित तरीकाबाट खर्च गरेको पाइएको आरोप लगाएका छन् ।

सो खर्च वापतको विल भरपाई माग गर्दा गत असार २० गते देखि उनी विद्यालयमा अनुपस्थित रहदै आएको लेखा अनुगमन समितिका सदस्य कैलाश यादवले जानकारी दिए । सामाजिक लेखा परिक्षणका लागि वडा नं. १ का अध्यक्ष बलराम यादवको संयोजकत्वमा गठित लेखा अनुगमन समितिले आ.ब. २०७९/०८० मा तीन लाख ७९ हजार आठ सय ९० तथा २०८१/८२ मा ५ लाख १३ हजार र अन्य बेरितको खर्च गरि कुल १९ लाख २९ हजार नौ सय ३८ रुपैयाँ अनियमित ढंगले खर्च गरेको पाइएको जनाएको छ ।

लेखा अनुगमन समितिले कारबाही प्रक्रिया अगाडि बढाएपछि निमित्त प्रधानाध्यापक यादव विद्यालय आउन छाडेको सहायक प्रधानाध्यापक महेश कुमार यादवले बताए ।

विद्यालयमा महिनौंसम्म प्रधानाध्यापक यादव हाजिर नभएको तथा त्यसको असर पठनपाठन तथा विद्यालय प्रशासनलाई पर्न गएको बारे माथिल्लो निकायमा जानकारी गराउँदा समेत कुनै चासो नदेखाइएको विद्यालयका अधिकांश शिक्षक र अभिभावकले पत्रकार सम्मेलनमा गुनासो गरे ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले २०८२ असोज २४

*बाँकी तीन पृष्ठमा*

# जनताको सम्पत्ति तथा अदालत जलाउनेलाई कानुनी दायरामा ल्याउनुपर्छ : प्रधानन्यायाधीश




**दैनिक समाचारदाता**
**राजविराज, २८ कात्तिक ।**
सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले जनताको सम्पत्ति तथा अदालत जलाउनेलाई कानुनी दायरामा ल्याउनुपर्ने बताएका छन् ।

जेनजी आन्दोलनका क्रममा अदालतमा भएको क्षति अवलोकनका क्रममा शुक्रबार

*बाँकी तीन पृष्ठमा*

# करदाता सेवा कार्यालय नसार्न भन्दै संकलन गरिएको हस्ताक्षर बुझाइयो




**दैनिक समाचारदाता**
**राजविराज, २८ कात्तिक ।**
सरकारले नेपालभरि ३८ वटा करदाता सेवा कार्यालय खारेज गर्ने निर्णय गरेपछी राजविराजस्थित करदाता सेवा कार्यालय नसार्न हस्ताक्षर संकलन गरि प्रधानमन्त्रीलाई पठाउन प्रमुख जिल्ला अधिकारीलाई जिम्मा लगाइएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

# कार्यवाहक वडाअध्यक्षको गैरकानुनी सिफारिसका कारण आफूहरु अन्यायमा : दास दाजुभाई




**दैनिक समाचारदाता**
**राजविराज, २८ कात्तिक ।**
आफ्नो नम्बरी जग्गाको आधिकारिता सम्बन्धी सिफारिस दुई जनालाई उपलब्ध गराएर कार्यवाहक वडाअध्यक्षले अन्यौलता र थपविवाद सृजना गरेको एक पीडित जग्गाधनीले गुनासो पोखेका छन् ।

राजविराज नगरपालिका वडा नं. ८ निवासी शैलेशकुमार दास र निलेशकुमार दास ( दाजुभाई)ले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरि यस्तो गुनासो पोखेका हुन् ।

दास दाजुभाईले राजविराज नगरपालिका वडा नं. ९ का वडाअध्यक्ष जवाहर यादवले बास्तविक जग्गाधनी भएको आफूहरुको पक्षमा सिफारिस उपलब्ध गराएको भएपनि उनी

*बाँकी अन्तिम पृष्ठमा*

**निमोनियाबाट बचौं र बचाऔं।**

निमोनिया संक्रमणका लक्षणहरु:
❖ज्वरो आउने, खोकी लाग्ने,
❖स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाऱ्हो हुने,
❖स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
❖शरीर निलो हुने जस्ता लक्षण देखा पर्न सक्छन् ।

बालबालिकालाई निमोनियाबाट बचाउन:
❖नियमित रुपमा लगाईने खोपहरु लगाऔं,
❖आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं,
❖धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
❖सरसफाईमा उचित ध्यान दिऔं ।
❖संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# 'तथाकथित पत्रकारिता मुख्य चुनौती हो'

काठमाडौँ, २८ कात्तिक (रासस) ।

पछिल्लो समय पत्रकारिता क्षेत्रमा देखिएका विकृति र विसङ्गतिका कारण पत्रकारितामाथिको विश्वसनीयता घट्दै गएको सरोकार भएकाहरूको भनाइ छ ।

नेपाल पत्रकार महासङ्घद्वारा शुक्रबार यहाँ आयाजित 'लोकतन्त्रको सुदृढीकरण: नागरिक सरोकार, संलग्नता र जवाफदेहिता विषयक कार्यशाला गोष्ठीमा वरिष्ठ पत्रकार एवं महासङ्घका पूर्वअध्यक्षहरूले पत्रकारितामाथिको गुम्दो जनविश्वास बढाउन जिम्मेवार भई पत्रकारिता गर्न सुझाव दिनुभयो । 'डिजिटल मिडिया', सङ्कुचित बन्दै गएको बजार र राजनीतिक दलको प्रभावले पत्रकारिताको विश्वसनीयता घट्दै गएको उहाँहरूको बुझाइ छ ।

पूर्वअध्यक्षहरू किशोर नेपाल, डा तारानाथ दाहाल, विष्णु निष्ठुरी र वर्तमान अध्यक्ष निर्मला शर्माले पत्रकारिताको विश्वसनीयतामा बहस गर्नुभयो । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा सुरेशप्रसाद आचार्यले सूचनाका माध्यम र पत्रकारितालाई फरक फरक रूपमा बुझ्न सके विश्वसनीयता कायम राख्न मद्दत पुग्ने धारणा राख्नुभयो । "हाल तथाकथित पत्रकारिता, तथाकथित नागरिक पत्रकारिता र भ्रामक सूचनाको चुनौती छ", उहाँले भन्नुभयो, "हाम्रा धेरै पत्रकार साथीहरू 'पोडकास्ट'मा जोडिन थाल्नुभएको छ, तर पत्रकारिता गर्दाको नैतिकतालाई बिर्सेर सञ्चालन गर्दा त्यसको नकारात्मक प्रभाव देखिन थालेका छन् ।"

महासङ्घका पूर्वअध्यक्षसमेत रहनुभएका डा आचार्यले पत्रकारिताका सिद्धान्त र आचारसंहिता सामाजिक सञ्जालमा अभ्यास नहुने भन्दै त्यसले समग्र पत्रकारिता क्षेत्रको विश्वसनीयता घटेको जिकिर गर्नुभयो ।

महासङ्घका पूर्वअध्यक्ष नेपालले पत्रकारहरू राजनीतिक दल एवं नेताको प्रभाव र दबाबमा पर्ने गरेको गुनासो गर्नुभयो । पत्रकार अध्ययनशील बन्नुपर्ने र निष्पक्ष पत्रकारिताको अभ्यासबाट जनविश्वास बचाउन सकिने उहाँको भनाइ थियो ।

"पत्रकार नेतामुखी भयौँ । अचेल दलका नेताहरूले हाम्रा नेता चुन्ने र प्रभावमा राख्ने अभ्यास देखिन्छ", वरिष्ठ पत्रकार नेपालले भन्नुभयो, "स्वतन्त्र पत्रकारिताको नारा बोकेर दलको निर्देशन मान्ने भएपछि हामी कसरी आत्मनिर्भर, स्वतन्त्र र बलियो पत्रकारिता गर्न सक्छौं ?"

महासङ्घका पूर्वअध्यक्ष वरिष्ठ पत्रकार दाहालले पत्रकारिता र राजनीतिलाई छुट्याउन नसक्नु पत्रकारितामा आएको सङ्कटको मुख्य कारण भएका बताउनुभयो । उहाँले पछिल्लो समय 'कर्पोरेट' पत्रकारिता बढ्नु विचारणीय भएको भन्दै अब प्रविधिको प्रयोगलाई अवसरका रूपमा लिनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो ।

"पत्रकारिताको विश्वसनीयता र अर्थतन्त्र नै सङ्कटमा छ । व्यापारिक पक्षबारे मात्र लेख्ने प्रचलन साह्रै बढेको छ, यो विचारणीय कुरा हो", दाहालले भन्नुभयो, "विश्वसनीयताबारे प्रश्न उठाउने माध्यमहरू यति धेरै भए कि कुन पत्रकारिताका माध्यम हुन् वा कुन हैनन् भन्ने नै छुट्याउन गाह्रो भएको छ । यस्तो समयमा सूचनाको उत्पादन र वितरणको चित्र नै परिवर्तन हुँदै गएको छ ।"

पूर्वअध्यक्ष निष्ठुरीले पत्रकारितमाथिको जनविश्वासलाई बचाइराख्न निष्पक्ष पत्रकारिता नै पहिलो सर्त भएको धारणा राख्नुभयो । "पत्रकारितालाई जनताले पत्याउन छाडे । त्यसको पहिलो कारण

*बाँकी तीन पृष्ठमा*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# टेलिकमको 'बिलिङ टेन्डर' प्रक्रिया अन्योलमा

**कमलकुमार बस्नेत**

काठमाडौँ, २८ कात्तिक (रासस) ।

नेपाल टेलिकमले नयाँ बिलिङ प्रणालीका लागि खुलाएको बोलपत्र प्रक्रिया अन्तिम चरणमा आएर विशेष अवस्थाका कारण भन्दै गत असोज ९ गते स्थगित गऱ्यो । कम्पनीले बोलपत्र आह्वानका क्रममा आवेदकहरूको प्राविधिक मूल्याङ्कन पूरा गरेर आर्थिक प्रस्तावको प्रक्रिया अगाडि बढाइसकेपछि स्थगित गरेको हो ।

टेलिकमले गत भदौ ९ गते बिलिङ प्रणालीको 'टेन्डर' प्रक्रियामा भाग लिएकामध्ये चिनियाँ कम्पनी हुवावे टेक्नोलोजिज कम्पनी लिमिटेड प्राविधिक मूल्याङ्कनमा पर्याप्त आधारसहित छनोट भएको सूचना प्रकाशित नै गरिसकेको थियो । उक्त सूचनामा प्राविधिक मूल्याङ्कनमा छनोट भएको एकमात्रै कम्पनीको आर्थिक प्रस्ताव असोज २९ गते दिउँसो १ बजे खोल्नेसमेत उल्लेख थियो ।

टेलिकमले भने यही कात्तिक ७ गते नयाँ सूचना जारी गरी बोलपत्र आह्वान प्रक्रिया अर्को सूचना नभएसम्मका लागि स्थगित भएको जानकारी गरायो । उक्त सूचनामा टेलिकमले आर्थिक प्रस्ताव खोल्ने नयाँ मिति, समय र स्थानका लागि अर्को सूचना प्रकाशित गरिनेसमेत उल्लेख गऱ्यो ।

टेलिकमले उक्त सूचना प्रकाशित गरेपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यही कात्तिक १३ गते बिलिङ प्रणालीको टेन्डर प्रक्रियाका सम्बन्धमा अध्ययन गर्न पूर्वसचिव मणिराम गेलालको नेतृत्वमा सात सदस्यीय एक समिति नै गठन गऱ्यो । यी सबै घटनाक्रमले टेलिकम कम्पनीको बिलिङ टेन्डर प्रक्रिया अहिले रोकिएको छ ।

हाल नेपाल टेलिकमको बिलिङ प्रणालीको काम चिनियाँ कम्पनी एशिया इन्फोले गरिरहेको छ । कम्पनीले सन् २०११ डिसेम्बरमा १० वर्षका लागि ठेक्का पाएको थियो । सन् २०२१ मा कम्पनीको एक वर्षका लागि म्याद थप गरियो भने सन् २०२२ मा पुनःपाँच वर्षका लागि कम्पनीको म्याद थप भयो ।

हालको अवस्थामा एसिया इन्फोको समयसीमा सन् २०२७ सेप्टेम्बरसम्म छ । उक्त समय सकिनुअघि नै टेन्डर प्रक्रिया पूरा गरी नयाँ कम्पनी छनोट गरिसक्नुपर्नेछ । यदि उक्त समयअगावै टेन्डर प्रक्रिया पूरा नभए पुनःएसिया इन्फोकै म्याद थप्नुको विकल्प नभएको जानकार बताउँछन् ।

नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक सविना मास्के प्रधानका अनुसार पछिल्लो समय टेन्डर प्रक्रिया रोकिँदा काम गर्न समस्या भएको छ । उहाँका अनुसार बिलिङ टेन्डर प्रक्रियामा नयाँ कम्पनीलाई दिनका लागि कम्तीमा २४ महिना अगाडि टुङ्गो लाग्नुपर्छ । "२४ महिना अगाडि नै कम्पनी छनोट भएको अवस्थामा डाटा माइग्रेसनलगायतका कामका लागि सहज हुन्छ, तर हामीसँग अब २२ महिनाको समय छ, ठेक्का प्रक्रिया जति ढिला हुन्छ, त्यति नै गाह्रो हुन्छ", उहाँले भन्नुभयो ।

**के हो विषय ?**

नेपाल टेलिकमले बिलिङ प्रणालीका लागि सन् २०२४ को मार्चमा पहिलोपटक टेन्डर आह्वान गऱ्यो । उक्त टेन्डर प्रक्रियामा अमेरिकी कम्पनी सिएसजी इन्टरनेसनलले मात्र भाग लियो । उक्त कम्पनी प्राविधिक मूल्याङ्कनमै बाहिरियो र टेन्डर रद्द भयो ।

त्यसपछि टेलिकमको बिलिङ प्रणालीमा काम गरिरहेका विश्वका शीर्ष कम्पनीहरू हुवावे, ह्वेल क्लाउड, सिएसजी, ओराकल, एमडक्स र नेटक्र्याकरसँग टेलिकम कम्पनीले बिजनस सपोर्ट सोलुसन र लागतबारे बुझ्न प्रस्ताव माग गरेको थियो ।

यीमध्ये अमेरिकी र युरोपेली कम्पनीहरूले बजेट अपर्याप्त भनेपछि टेलिकमले सम्भावित बिडरहरूसँग सम्भावित बजेटसहितको 'कोटेसन' माग्यो । यद्यपि नेपाल टेलिकमले सर्वोच्च अदालतको आदेश देखाउँदै लागत नबढ्ने गरी पुरानै बजेटमा सन् २०२५ को मार्चमा बिलिङ प्रणालीका लागि पुनःटेन्डर आह्वान गऱ्यो । टेलिकमले पुरानै मूल्यमा बोलपत्र आह्वान गरेपछि अमेरिकी र युरोपियन कम्पनीहरूले भाग लिएनन् भने हुवावे र ह्वेल क्लाउडले मात्रै भाग लिए ।

प्राविधिक मूल्याङ्कनका क्रममा टेलिकमले विज्ञहरूको टेन्डर मूल्याङ्कन समिति गठन गरेको थियो, जसले तीन महिना लगाएर मूल्याङ्कन गऱ्यो । टेलिकमले आवेदन दिएका दुई कम्पनीमध्ये प्राविधिक योग्यताका लागि पर्याप्त आधार भएको उल्लेख गर्दै हुवावेलाई छनोट गऱ्यो ।

खरिद कानुनअनुसार प्रविधिक प्रक्रियामा पास भएपछि छनोट भएको कम्पनीको आर्थिक पक्ष खोल्नुपर्ने हुन्छ । यदि आर्थिक प्रस्तावमा पनि उक्त कम्पनी योग्य ठहर भयो भने ठेक्का उसैलाई दिइन्छ । तर आर्थिक प्रस्ताव नबोली प्रक्रिया स्थगित भएको सूचना टेलिकमले जारी गरेपछि अहिले सम्पूर्ण प्रक्रिया अनिश्चित बनेको छ ।

**सर्वोच्चको आदेश**

बिलिङ टेन्डर प्रक्रिया सुरु भएपछि २०८१ जेठ २० गते सर्वोच्च अदातलमा नेटवर्कमा काम गरिरहेकै कम्पनीलाई बिलिङ प्रणालीको काम गराउँदा स्वार्थ बाझिने भन्दै रिट दायर भयो ।

उक्त रिटमा सुनुवाइ गर्दै न्यायाधीशद्वय डा नहकुल सुवेदी र महेश शर्मा पौडेलको संयुक्त इजलासले बिलिङ प्रणालीको उत्पादक वा बिक्रेता कम्पनीको मुख्य सञ्चार प्रणाली (नेटवर्क) अन्तर्गत रहनुपर्ने व्यक्तिको वैयक्तिक सूचना तथा तथ्याङ्कमा पहुँच नपुग्ने अवस्थाको सुनिश्चतता गर्दै खरिद प्रक्रियामा स्वार्थको द्वन्द्व नहुने अवस्थाको सुनिश्चितता गर्न आदेश दिएको थियो ।

यस विषयमा नेपाल टेलिकमका प्रवक्ता रविन्द्र मानन्धरले आफूहरूले सर्वोच्च अदालतको आदेशअनुसार नै ठेक्का प्रक्रिया अगाडि बढाएको बताउनुभयो । उहाँले मन्त्रालयले गठन गरेको छानबिन समितिका विषयमा आफूलाई धेरै जानकारी नभए पनि सर्वोच्च अदालतले गरेको फैसलाअनुसार नै प्रक्रिया अगाडि बढाएको बताउनुभयो ।

३"सर्वोच्च अदालतले फैसलामा व्यक्तिको वैयक्तिक सूचना तथा तथ्याङ्कमा पहुँच नपुग्ने अवस्थाको सुनिश्चितता तथा यससम्बन्धी खरिद प्रक्रियामा स्वार्थको द्वन्द्व नहुने अवस्थाको सुनिश्चित गर्नु भनेको थियो", उहाँले भन्नुभयो, "प्राविधिक रूपमा हेर्दा मोबाइल स्वीचिङ सेन्टर (एमएससी) नोड र बिलिङ प्रणालीबीच प्रोभिङ टुल्स हुने भएकाले गोपनीयतामा कुनै समस्या हुँदैन ।"

त्यसैगरी हाल बिलिङको काम गरिरहेको एसिया इन्फोले पुरानो प्रविधि प्रयोग गरिरहेका कारण पटकपटक समस्या आइरहेको जनगुनासो पनि छ । उक्त विषयमा प्रवक्ता मानन्धरले पुरानो प्रविधिका कारणले मात्रै नभई कहिलेकाहीँ अन्य कारणले पनि समस्या आउने गरेको बताउनुहुन्छ । "टेलिकमको सेवा अवरुद्ध बिलिङ प्रणालीको पुरानो प्रविधिको कारण मात्रै हो भन्ने होइन, कहिलेकाहीँ ऊर्जा त कहिले लिङ्क टुट्दा पनि उक्त समस्या आउने गरेको छ, एउटा मात्रै कारण नहुनसक्छ ।"

**छानबिन समिति**

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलका निजी सचिव राकेश गुरुङले बिलिङ प्रणालीको ठेक्कासम्बन्धी छानिबन गर्न मन्त्रालयबाट गठित समितिले काम भइरहेको प्रतिक्रिया दिनुभयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यही कात्तिक १३ गते टेलिकमको बिलिङ प्रणालीका सम्बन्धमा छानबिन गर्न एक समिति गठन गरेको छ । मन्त्रालयले टेलिकमको बिलिङ प्रणालीसम्बन्धी खरिद प्रक्रियाका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रसाथ प्राप्त उजुरीलगायत सम्बन्धमा छानबिन गर्न समिति गठन गरेको थियो । उक्त समितिले १५ दिनको समय प्राप्त गरेको थियो ।

छानबिन समितिमा पूर्वसचिव गेलालसँगै, सहसचिव गौरव गिरी, सहसचिव आदेश खड्का, सहसचिव कृष्ण पन्त, दूरसञ्चार प्राधिकरणका उपनिर्देशक प्रदीप पौडेल, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्धक कमल लामिछाने र कानुन मन्त्रालयका उपसचिव राजेश थापा छन् ।

नेपाल सरकार
भूमि व्यवस्था, कृषि तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०७/२६

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २०१६ सालको विर्ता श्रेष्ता बमोजिम हरी किशुन साहु तेलीको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे अकबरपु सा.कि.नं. १३८२ को ज.बि. ०-०-१५ मध्ये हरि किशुन साह तेलीकोको नाममा ७ नं. फाटवारीमा जि.स. पं. महादेवा ज.बि. ०-०-१५ कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. महादेवा वडा नं.५ हाल महादवा गा.पा. वडा नं. २ बस्ने गेना सागुको नाति फौदी साहको छोरा हरि किशुन साह तेलीको यस कार्यालयमा द.नं. २७७४ मिति २०८२/५/१७ गतेमा माग निवेदन परी हकदावी सम्वन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०७/२६ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १३८२ | हरि किशुन साहु तेली | महादेवा | ५क | २२० | ०-१-० | हरि किशुन साह तेली | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महल खाली रहेको। |

किशोर कुमार राम
कार्यालय प्रमुख
कार्यालय प्रमुख

# मधेसमा उमेर नपुग्दै विवाह हुने चलन अझै विकराल

महोत्तरी, २८ कात्तिक (रासस) ।

मधेसमा उमेर नपुगी विवाह हुने सङ्ख्या अझै विकराल अवस्थामा छ । बालविवाहविरुद्धको कानुन र यससँग जोडिएका अभियान सञ्चालनमा रहे पनि यो समस्या मधेसमा अझै रहेको तथ्याङ्कले देखाएको छ ।

विसं २०७८ को राष्ट्रिय जनगणनाअनुसार राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाडौँले प्रकाशित गरेको तथ्याङ्कमा मधेसमा अझै १० वर्ष नपुग्दै विवाह हुने पनि पाइएको उल्लेख छ । यद्यपि यस्तो सङ्ख्या शून्य दशमलव दुई (०.२) मात्र छ । त्यसैगरी १० देखि १४ वर्षभित्र विवाह हुने ९.३ र १५ देखि १७ वर्षभित्र विवाह हुने २७.७ प्रतिशत छन् । यसैगरी १८ देखि २० वर्षमुनिका ३९.५ प्रतिशत रहेका तथ्याङ्कमा उल्लेख छ । पछिल्लो १८ देखि २० वर्ष उमेर समूहभित्र पुरुषको उमेर सालाखाला २० वर्ष देखिए पनि महिला भने १७ को हाराहारी पाइएका छन् ।

मधेसमा १८ वर्ष नपुग्दै विवाह गर्ने महिलाको सङ्ख्या ४२.४ प्रतिशत छ । यो सङ्ख्या महोत्तरीमा अझ बढी ४३.३ प्रतिशत रहेको बालविवाहविरुद्ध सामाजिक अभियानमा विभिन्न सामाजिक सङ्घसंस्थासँग सहकार्य गर्दै आएको अन्तरराष्ट्रिय गैरसरकारी संस्था सेभ द चिल्ड्रेन बर्दिबास कार्यालयका सञ्चार अधिकृत झम्केश्वर ओझा बताउनुहुन्छ ।

मधेसमा पहिलो विवाहको औसत उमेर १८ वर्ष देखिन्छ । जसमा पुरुषको २० वर्ष र महिलाको १७ वर्ष रहेको तथ्याङ्कमा उल्लेख छ । यी उमेर समूहभित्रको विवाहमा पुरुषभन्दा महिला बढी देखिएका छन् । यस्तै २१ देखि २४ वर्ष उमेरभित्र विवाह हुने मधेसमा १४.५ प्रतिशत छन् ।

यद्यपि तथ्याङ्कमा उल्लेख यो अवस्थामा २०७८ सालको जनगणनायता निकै सुधार भएको जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमारलाल कर्ण बताउनुहुन्छ । "हामीकहाँ बालविवाह अझै सामाजिक समस्याको रूपमा छँदैछ, यद्यपि २०७८ यता यसमा निकै सुधार भएको छ", कर्ण भन्नुहुन्छ, "यसबीचमा बालविवाहविरुद्धका सामाजिक अभियानको निरन्तरताले अवस्थामा निकै सुधार आएको छ ।" जिल्लाका १५ मध्ये सात स्थानीय तहले विभिन्न सामाजिक सङ्घसंस्थासँगको साझेदारीमा बालविवाहविरुद्धको अभियानलाई निरन्तरता दिएपछि ती ठाउँमा निकै सुधार आएको कर्णको भनाइ छ ।

त्यसैगरी, मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले २०७८ सम्म विकराल सामाजिक समस्या रहेको बालविवाह अब आफ्नो नगर क्षेत्रमा करिब शून्यमा झारिएको बताउनुभयो । "हामीले त्यसयता बर्सेनि विवरण सङ्कलन, छोरी शिक्षा कार्यक्रम र किशोरी शिक्षासँगसँगै बालविवाहविरुद्ध बस्तीबस्तीमा अभियान टोली सञ्चालन गरेपछि यसको सकारात्मक परिणाम आएको छ", उहाँ भन्नुहुन्छ, "यो वर्ष बालविवाहका घटना देखिएका छैनन् ।"

बालविवाहको अवस्था विकराल देखिएपछि मधेस प्रदेश सरकारले २०७८ सालमै सन् २०३० सम्म प्रदेशलाई बालविवाह मुक्त बनाउन १० वर्षको रणनीतिक योजना अघि बढाएको छ । यसअघि प्रदेश बालअधिकार ऐन, २०७७, सारभूत लैङ्गिक समानता नीति, २०७८, बाल सहभागितासम्बन्धी कार्यविधि, २०७८, बालिका सशक्तीकरण तथा संरक्षण ऐन, २०८१ र सरकारको 'बेटी बचाउ, बेटी पढाउ' अभियानले पनि बालविवाहलाई दुरुत्साहन गर्दा पछिल्ला वर्षहरूमा उत्साहजनक सुधार हुँदै आएको जिल्ला समन्वय समितिका प्रमुख कर्णको भनाइ छ ।

### *जनताको सम्पत्ति ...*

राजविराज आइपुगेका प्रधानन्यायाधिश राउतले यस्तो बताएका हुन् ।

'जनताको सम्पत्ति र न्याय दिने स्थल अदालत जलाउनेलाई उन्मुक्ति होइन् कानुनी दायरामा ल्याउनुपर्छ, उनले भने 'यसको गम्भिर अनुसन्धान हुनुपर्छ ।'

उनले अदालत भनेको जनताको सम्पत्ति भएको बताए । 'यो जनताको सम्पत्ति हो । नष्ट हुँदा, आगजनी हुँदा, तलामाथि हुँदा अनुसन्धान हुनुपर्छ' उनले भने ।

उनले अनुसन्धानका निम्ति अदालतहरुले प्रहरीमा जाहेरी दिइसकेको पनि बताए ।

जेनजी आन्दोलनका क्रममा देशभरिका अदालतहरुमा भएको आगलागीबाट अढाई अर्ब रुपैयाँ बराबरको क्षति भएको उनले जानकारी दिए । 'यो २०७४/७५ तिरको मूल्य अनुसारको हो' उनले भने, 'अहिलेको मूल्यलाई हेर्ने हो भने त्योभन्दा बढीको क्षति भएको छ ।'

सर्वोच्चसहित देशभरिका अदालतमा जलेका मिसिलहरु खडा भइरहेको भन्दै फैसला दिन समस्या नहुने बताए ।

उच्च बार एशोसिएशन, राजविराजले आयोजना गरेको स्वागत कार्यक्रममा समेत सहभागी भएका राउतले देबानी प्रकृतिका मुद्दाहरुको कुनै कागज नभेटाइए मिलापत्रको प्रयत्न गर्न सुझाव दिए ।

कानुन व्यवसायीलाई आग्रह गर्दै उनले भने, 'कागजात भेटाइएन, मिसिल खडा हुन सकेन भने यस्तो मुद्दामा यहाँहरुको योगदान अपरिहार्य छ । यस्तो मुद्दघामा मिलापत्रको प्रयत्न गरिदिँदा मिसिल नहुँदा पनि वैधानिकता पाउँछ ।

### *लामो समयदेखी ...*

गते विष्णुपुर गाउँपालिकालाई पत्राचार गरी प्रधानाध्यापक व्यवस्थापन गर्न भनेपनि हालसम्म गाउँपालिकाले कुनै जानकारी नगराएको पत्रकार सम्मेलनमा शिक्षकहरुले बताए ।

विद्यालयको शैक्षिक अवस्था सुधार सहित विभिन्न माग रखेर ठित विद्यालय संघर्ष समितिका संयोजक प्रेम नारायण यादवले गाउँपालिका र वडा कार्यालयको गैर जिम्मेवारीपनले विद्यलयमा समस्या आएको आरोप समेत लगाए ।

गाउँपालिका अध्यक्ष उपेश प्रसाद यादवले आरोपको खण्डन गर्दै केही शिक्षक र अभिभावककै कारण यस्तो अवस्था सृजना भएको बताए । उनले काम गर्ने वातावरण नभएकै कारण निमित्त प्रअलाई गाउँपालिकामा काजमा खटाइएको जानकारी दिए ।

विद्यालयमा देखिएको विवाद समाधानका लागि आफुहरु गम्भिर भएको भन्दै त्यसका लागि आवश्यक पहल थालिएको बताए । शिक्षा संयोजक रामेन्द्र यादवले निमित्त प्रअलाई त्यहाँका स्थानिय गुटबाजीले धाक धम्की दिदै आएको कारण काम गर्न असहज भएकोले उनी गाउँपालिकमा हाजिर भएर बसेको बताए ।

यता विद्यालयका निमित्त प्रधानाध्यापक यादवले आफू सम्पर्कविहिन नभएको बताउँदै विद्यालयमा जाँदा दिनहुँ धाक धम्की, आउँदा हाजिर हुने अवस्था नरहेकाले हाल गाउँपालिकामा आएर हाजिर हुन बाध्य भएको लाचारी सुनाए ।

### *'तथाकथित ...*

हामी सबै सत्तारूढ भयौँ । दल र सरकारको सत्तारूढ सदस्य भयौँ", उहाँले भन्नुभयो, "यस्तै, हाम्रा धेरै साथीहरू प्रेस सल्लाहाकार भएका छन् । पत्रकारिता दल र सत्तामा रमाइरहेको छ ।"

महासङ्घका अध्यक्ष शर्माले जिम्मेवारपूर्वक पत्रकारिता गर्न आह्वान गर्नुभयो । "पत्रकारिताको विश्वसनीयतामाथि इतिहासमा नै यति ठूलो प्रश्न पहिलो पटक अनुभव गरेको छु", उहाँले भन्नुभयो, "समाचारका हेडलाइनमात्र खोजिरहेका छौँ । विश्वसनीयता घट्दो छ । खोजी समाचार पनि एकदुई महिनासम्म मात्र टिक्छ । गुम्दो विश्वसनीयतालाई कसरी बचाउने यसमा बहस आवश्यक छ ।"


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज

मिति :-२०८२/०७/२६

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. १ डा.जमीदार डम्वरको नाममा कायम रहेका साविक प्रगन्ना जगदर मौजे राजपुर सा.कि.नं. ५ को ज.वि. ०-७-१४ मध्ये ज.वि. ०-३-१५ श्याम नारायण चौधरीको अंश भागमा रहेको जग्गा २०२८ सालमा सर्वे नापी हुदा जिल्ला सप्तरी राजविराज न.पा. वार्ड नं. ६ को कि.नं. १०० ज.वि. ०-५-१९ कायम भई सो जग्गा मध्ये पूर्व दक्षिण कुनाको ज.वि. ०-१-५ जग्गा देखि उत्तर तर्फ जग्गा र.नं. ३२६२ मिति २०३७/०२/२२ गते ज.वि. ०-०-८ र मिति २०६०/०७/३० गतेको कपाली तमसुकबाट ०-०-८ समेत जम्मा ज.वि. ०-०-१६ जग्गा श्याम नारायण चौधरीबाट सरस्वती देवीले खरीद गरी लिएको जग्गा हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी जिल्ला सप्तरी राजविराज न.पा. वडा नं. ६ हाल राजविराज न.पा. वडा नं. ७ बस्ने बौवा लाल साहको बुहारी मिश्री लाल साह हलुवाईकी पत्नी सरस्वती देवीको यस कार्यालयमा द.नं. २९६० मिति २०८२/०५/११ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०७/२६ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स/ न.पा. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५ | डा.जमीदार डम्वर | राजविराज | ६ | १००/ २५५८/ ३३६५ | ०-०-१७.५ मध्ये दक्षिण तर्फबाट ०-०-१६ | सरस्वती देवी | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महलमा सुनर साहु तेली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा झमरमल, डम्वर नारयण, शीव नारायण समेतको बटैयामा जोती आएको हो जनिएको। |

किशोर कुमार राम
कार्यालय प्रमुख
कार्यालय प्रमुख


## विश्व समाचार

### "रुसी आक्रमणमा चार जनाको मृत्यु, धेरै घाइते"

किएभ, युक्रेन, २८ कात्तिक (रासस/एएफपी) ।

युक्रेनी अधिकारीहरूले जनाए अनुसार, राति किएभमाथि भएको रुसको आक्रमणमा चार जनाको मृत्यु भएको छ भने शहरका विभिन्न भागमा भवन र संरचना नष्ट भएका छन् ।

युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले यस आक्रमणलाई 'जनताको र नागरीय संरचनामा अधिकतम क्षति पुऱ्याउने उद्देश्यले योजनाबद्ध गरिएको' भन्नुभयो । उहाँले बताएअनुसार, यस आक्रमणमा करिब ४३० ड्रोन र १८ मिसाइल प्रयोग गरिएको थियो । यसबाट धेरैजना घाइते भएका छन्, जसमा एक गर्भवती महिला पनि समावेश छ ।

किएभका सैन्य प्रशासन प्रमुख टिमुर टकाचेन्कोले सामाजिक सञ्जालमा लेख्नुभयो,"लगभग सबै जिल्लामा उच्च भवनहरूमा क्षति पुगेको छ । युक्रेनी आपतकालीन सेवा कर्मचारीहरूले आगलागी र ध्वंसबाट दर्जनौं मानिसहरूलाई उद्धार गरेका छन् । प्रहरीका अनुसार, नौ जिल्लाका ३० आवासीय भवन क्षतिग्रस्त भएका छन् ।"

किएभका मेयर भिटाली क्लिच्कोका अनुसार, डेस्न्यान्स्की र पोदिल जिल्लाका केही भागहरू अस्थायी रूपमा हीटिङ सेवा बिना रहेका थिए, तर बिहानसम्म सबै समस्या समाधान गरिएको छ । यातायात पनि आंशिक रूपमा अवरुद्ध भएको थियो, जसका कारण बस र ट्रामहरू ढिला भएका थिए ।

यस आक्रमणको पृष्ठभूमिमा पश्चिमी मित्र राष्ट्रहरूले रुसमाथि दबाब बढाइरहेका छन् । बुधबार क्यानडाले रुसका ड्रोन र ऊर्जा उत्पादनसँग सम्बन्धित नयाँ प्रतिबन्धहरू घोषणा गऱ्यो । त्यही दिन, सात विकसित राष्ट्र (जी७) का विदेश मन्त्रीहरूले युक्रेनमा तत्काल युद्धविरामको आग्रह गर्दै 'अटल समर्थन' व्यक्त गर्नुभयो ।

युद्ध सुरु भएको करिब चार वर्ष बितिसकेको छ, तर दुवै पक्षले स्थिति मजबुत बनाएका छन् । मास्कोले युद्धविरामका प्रयास अस्वीकृत गर्दै आएको छ भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पुनः शान्ति सम्झौता प्रयास गरेका थिए ।

पूर्वी युक्रेनमा मास्कोका सेना डोनेट्स्क र लुहान्स्क क्षेत्रको नियन्त्रण प्रयास गरिरहेका छन् । विशेषज्ञहरूले रुसको ऊर्जा संरचनामा हालैका हानिले युक्रेनमा हिउँदे महिनामा हीटिङ संकट निम्त्याउन सक्ने चेतावनी दिएको छ ।

युक्रेनले पनि रुसको संरचनामा आक्रमण तीव्र पारेको छ र सीमाभन्दा पर पनि हमला गर्ने प्रयास जारी राखेको छ । रुसले युक्रेनी ड्रोन २०० भन्दा बढी मार्न सफल भएको जनाएको छ ।

यसैबीच, क्रास्नोडार क्राईमा शेस्खारिस तेल प्रशोधन कारखानामा आगलागी भएको थियो, जसलाई नियन्त्रणमा लिइएको छ । त्यहाँको एउटा नागरिक जहाज पनि क्षतिग्रस्त भएको थियो र तीन जना कर्मचारी घाइते भएर अस्पताल भर्ना भएका छन् ।

### सोमालियामा गम्भीर खडेरीले लाखौंको जीवन जोखिममा : संयुक्त राष्ट्र

संयुक्त राष्ट्र,२८ कात्तिक (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रका अनुसार, सोमालियामा करिब तीन करोड ४० लाख मानिस उच्च स्तरको खाद्य असुरक्षासँग जुधिरहेका छन् । तीमध्ये करिब छ लाख २० हजार मानिस आपत्कालीन स्तरको सङ्कटमा छन् ।

संयुक्त राष्ट्रका प्रवक्ता स्टेफाने दुजारिकले जानकारी दिए अनुसार, गम्भीर खडेरीले लाखौं मानिसको जीवन जोखिममा पारिरहेको छ । साथै, मानवतावादी सहायता सीमित छ किनभने उपलब्ध वित्तीय स्रोत घटेका छन् ।

खडेरी विशेष गरी देशको पूर्वी र उत्तरी क्षेत्रमा गम्भीर छ, तर यसले मध्य र दक्षिणी क्षेत्रलाई पनि प्रभाव पारेको छ । अक्टोबरदेखि डिसेम्बरसम्म, सोमालियामा उच्च स्तरको खाद्य असुरक्षासँग जुझ्नुपर्ने अनुमान गरिएको छ ।

दुजारिकले यसबाहेक पोषणको अवस्था पनि चिन्ताजनक रहेको बताउनुभयो । आगामी अगस्टदेखि जुलाईसम्म करिब एक करोड ९० लाख पाँच वर्ष मुनिका बालबालिकाले तीव्र कुपोषणको जोखिममा रहने छन् ।

यसै साता, सोमाली सरकारले राष्ट्रिय स्तरमा खडेरी आपतकाल घोषणा गरेको छ । यस घोषणाले मानवतावादी संस्थाहरूलाई पोषण, स्वास्थ्य, पानी र खाद्य सुरक्षामा जीवनरक्षक प्रयासहरू बढाउन अनुरोध गरेको छ ।

दुजारिकका अनुसार, वित्तीय अभावका कारण केही सहायता कार्यक्रम अस्थायी रूपमा रोकेको छ । सोमालियाका लागि १.४ अर्ब अमेरिकी डलरको मानवतावादी योजना हाल केवल २२ प्रतिशत मात्र वित्त पोषित छ ।

### अफगानिस्तानमा बम विस्फोट, तीन बालबालिकाको मृत्यु

काबुल, २८ कात्तिक (रासस/सिन्ह्वा) ।

पश्चिमी अफगानिस्तानको बदघिस प्रान्तमा विगतको युद्धको समयमा जमिन मुनि राखिएको विस्पोटक उपकरण विस्फोट हुँदा तीन जना बालबालिकाको ज्यान गएको प्रान्तीय प्रहरी प्रवक्ता सेदिकुल्लाह सेडिकीले शुक्रबार बताउनु भएको छ ।

उक्त बस्तुलाई केटाकेटीहरूले खेलौना जस्तो ठानेर त्यससँग खेल्न थाल्दा दुभाग्यपूर्ण रुपमा उक्त उपकरण अचानक विस्फोट हुँदा घटनास्थलमै बालबालीकाको मृत्यु भएको अधिकारीले जनाएका छन् । बदघिस प्रान्तमा गत हप्तामा पनि विस्पोटको घटना हुदाँ दुई बालबालिकाको ज्यान गएको थियो ।

युद्धग्रस्त अफगानिस्तानमा द्वन्द्व प्रभावित देश हो जहाँ विगत चार दशक भन्दा बढीको युद्धबाट बाँकी रहेका बिभिन्न उपकरणहरूका कारण निर्दोश नागरिकका साथै बच्चाहरूले ज्यान गुमाउने गर्छन ।

# विद्यालयस्तरिय प्रतियोगिता सुरु




**दैनिक समाचारदाता राजविराज, २८ कात्तिक ।** विद्यालय-विद्यालयबीच भावनात्मक सम्बन्ध तथा फुटवल खेलको विकास र नयाँ नयाँ प्रतिभाको उत्पादन र छनौट गर्ने उद्देश्यले यहाँ १४ वर्ष मूनीका खेलाडीहरुलाई सहभागि गराई फुटवल प्रतियोगिताको सुरु भएको छ ।

अखिल नेपाल फुटवल (एन्फा) को सहयोग, न्यू त्रियुगा स्पोर्ट्स क्लवको समन्वय तथा जिल्ला फुटवल संघ सप्तरीको आयोजनामा शुक्रबारदेखि विद्यालयस्तरिय प्रतियोगिता सुरु भएको हो ।

सप्तरीको फतेपुरस्थित शहिद स्मृती रंगशालामा सुरु भएको प्रतियोगिताको सप्तकोशी नगरपालिकाका मेयर कृष्ण ढकालले उद्घाटन गरेका छन् ।

उद्घाटन खेलमा नेपाल एपिएफ ठाकोदेवी जोगेन्द्र भगत विद्यालयले गोलको वर्षा गर्दै लिटिल स्टार इङलिस बोर्डिङ स्कुललाई शुन्यका विरुद्ध ८ गोलले पराजित गर्दै बिजय सुरु गरेको छ ।

यसअघि न्यू त्रियुगा स्पोर्टस क्लबका अध्यक्ष अजय श्रेष्ठको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा सप्तरी फुटवल संघका अध्यक्ष राजकुमार परियार, महासचिव रमेश श्रेष्ठ लगायतले शुभकामना दिएका थिए ।

प्रतियोगितामा छात्रतर्फ जिल्लाभरिका ८ तथा छात्रातर्फ ४ विद्यालय टिम सहभागि छन् ।

# पार्टी दर्ताबारे कुनै भ्रममा नपर्न संयोजक दाहालको आग्रह

काठमाडौं, २८ कत्तिक (रासस) । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले पार्टी दर्ताबारे निर्वाचन आयोगमा पेस गरिएको सूचीबारे भ्रममा नपरी दृढतापूर्वक एकीकरण अभियानका बाँकी काम पूरा गर्न सबैमा आग्रह गर्नुभएको छ ।

संयोजक दाहालको सचिवालयले शुक्रबार विज्ञप्ति जारी गरी दल दर्ताको प्रयोजनार्थ निर्वाचन आयोगमा बुझाइएका विवरणबारे केही भ्रम देखिएकाले यसमा स्पष्ट हुन अनुरोध छ ।

सचिवालयले भनेको छ, “निर्वाचनको व्यवस्थापकीय आवश्यकता र समयको चापका कारण आयोगमा एकीकरणपूर्व कायम रहेका स्थायी समिति सदस्यहरूको सूची बुझाइएको थियो, कानुनअनुसार एक तिहाइ महिला समावेश गर्नुपर्ने बाध्यात्मक प्रावधानका कारण केन्द्रीय कार्यालयमा तत्काल उपस्थित भई हस्ताक्षर गरेका १३ जना उपलब्ध महिला केन्द्रीय सदस्यहरूको नाम पनि त्यही सूचीमा थपेर महिला प्रतिशत पुर्‍याइएको हो, यो कुनै अलग संरचना होइन, विधानबमोजिम संरचना बनाउन बाँकी छ ।”

पार्टी संयोजक र सह-संयोजकबाहेक सबै पद र समितिहरू आपसी सहमतिका आधारमा गठन हुने संयोजक दाहालको भनाइ छ । त्यसका लागि गृहकार्य भइरहेको र एकीकृत पार्टीको केन्द्रीय समितिसहित सबै संरचनासमेत यही प्रक्रियाअनुसार टुङ्गो लाग्ने सचिवालयले जनाएको छ ।

नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) सहित एक दर्जनभन्दा बढी वाम विचारधाराका समूह मिलेर नेपाली कम्युनिष्ट पार्टी निर्माणको प्रक्रिया अघि बढेको छ । यसै क्रममा सरकारले आगामी फागुन २१ गतेका लागि घोषणा गरेको आम निर्वाचन प्रयोजनार्थ यही ३० गतेभित्र दल दर्ता गरेर प्रमाणपत्र लिइसक्नु पर्ने निर्वाचन आयोगको समयसीमा छ ।

### *करदाता सेवा ...*

शुक्रबार उद्योग बाणिज्य संघको अगुवाईमा गत कात्तिक २२ गतेबाट संकलन गरिएको हस्ताक्षर प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल मार्फत प्रधानमन्त्री सुशिला कार्कीलाई पठाउन जिम्मा लगाईएको हो ।

करदाता सेवा कार्यालय नसार्न सरकारलाई आग्रह गर्दै राजविराजको गजेन्द्र चोकमा हस्ताक्षर संकलन गरिएको पाँच हजार भन्दा बढी हस्ताक्षर प्रधानमन्त्रीलाई शुशीला कार्कीलाई पठाईएको उद्योग बाणिज्य संघ सप्तरीका महासचिव अमृत संचेतीले जानकारी दिए ।

हातमा कालोपट्टी बाँधेर जिल्ला प्रशासन कार्यालय पुगेका संघका पदाधिकारीले हस्ताक्षर गरिएको तुल बुझाएका हुन् । करदाता सेवा कार्यालय सार्न लागेको बिरोधमा सप्तरी उद्योग बाणिज्य संघले निरन्तर आन्दोलन गर्दै आएको छ ।

यसअघि हस्ताक्षर संकलनका साथै धर्ना दिदैं आएको संघले शनिबार हातमा कालोपट्टी बाँधेर कारोबार गर्ने भएका छन् । सोही दिन दिउँसो ३ बजे भेला भई कालोपट्टी बाँधेर प्रदर्शन गर्ने निर्णय भएको सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालु प्रसाद अग्रवालले जानकारी दिए ।

आन्दोलन अन्तर्गत ३० गते आईतबार बिहान १० देखि ११ बजेसम्म जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना बस्ने कार्यक्रम समेत तय भएको उनले बताए ।

### *कार्यवाहक वडाअध्यक्ष ...*

बाहिर गएको मौका छोपी कार्यवाहक वडाअध्यक्ष चन्दर यादवले प्रमाणै बिना सन्दिपकुमार दास समेतलाई सोही जग्गाको सिफारिसपत्र उपलब्ध गराएर थप विवाद उत्पन्न गराएको बताएका छन् ।

जग्गाको सबै प्रमाण उपलब्ध गराएपछी २०८१ बैशाख १७ गते वडाअध्यक्ष जवाहर यादवले नापी शाखालाई हाम्रो पक्षमा सिफारिस पत्र पठायो पत्रकार सम्मेलनमा शैलेशले भने, “तर, उनी बाहिर गएको मौका छोपी २०८२ कात्तिक २४ गते कार्यवाहक वडाअध्यक्ष चन्दर यादवले विपक्षि सन्दिपलाई समेत सिफरिसपत्र उपलब्ध गराएर झमेला बढाउनुका साथै आफूलाई अनावश्यक दुःख दिने काम गरेको छ ।”

आफूहरुसँग भएको जग्गाको सबै प्रमाण देखाउँदै उनले कुन आधारमा कार्यवाहक वडाअध्यक्षले विपक्षिलाई सिफारिस उपलब्ध गराएको हो, त्यसको उचित छानबिन गर्नुपर्ने माग समेत गरेका छन् ।

एउटै जग्गाको दुई-दुई जनालाई सिफारिस उपलब्ध गराएर वडा कार्यालयलले समाधान भन्दा पनि विवाद चर्काउने काम गरेको उनको कथन छ ।

सप्तरीको मलेठ मौफे गढियामा रहेको गाउँ ब्लकको विभिन्न चार वटा कित्ताको जग्गा पुनितादेवी दासको नाममा नापी भई कायम भएको छ । २०२० असार १४ गते नै अन्सियारहरुबीच अंशबण्डा भई २०२२ सालमा ७ नं. फाँटवारी समेत भरि एकलौटी रुपमा हकभोग चलन गरिरहेको जग्गामा अन्य कसैको अंश नरहेको सबुत प्रमाण रहँदा रहँदै अर्का व्यक्तिलाई समेत सिफारिस उपलब्ध गराउनु आश्चर्यको विषय रहेको दास दाजुभाईको भनाई छ ।

# मधेसमा धान उत्पादनमा कमी आउने

पर्सा, २८ कात्तिक (रासस) । धान बाली लगाउने बेलामा मधेस प्रदेशमा सुख्खायाम र बाली भित्र्याउने समयमा परेको वर्षातको कारणले यस वर्ष मधेस प्रदेशमा धान उत्पादनमा करिब २० प्रतिशत कमी आउने अनुमान गरिएको छ ।

कृषि अनुसन्धान निर्देशनालय मधेस प्रदेशले शुक्रबार यहाँ आयोजना गरेको प्रदेशस्तरीय कृषि प्राविधिक समूह कार्यशाला गोष्ठीमा बोल्दै कृषि विकास निर्देशनालयका प्रमुख जितेन्द्र यादवले यो वर्ष धान बाली लगाउने र भित्र्याउने समयमा प्रतिकूल मौसमको कारणले मधेस प्रदेशमा धान उत्पादन घट्ने अनुमान गरेको बताउनुभयो ।

“अहिलेसम्म प्राप्त प्रारम्भिक तथ्याङ्कले मधेस प्रदेशमा करिब २० प्रतिशतसम्म धान उत्पादन घट्ने अनुमान गरेका छौँ”, उहाँले भन्नुभयो, “धानबाली लगाउने बेला मधेस प्रदेशमा देखिएको सुख्खायामको कारणले धानखेती हुने कूल क्षेत्रफलमध्ये १३ प्रतिशतमा रोपाइँ हुन सकेन ।” उहाँले धानबाली भित्र्याउने समयमा परेको वर्षातको कारणले धानबालीमा ठूलो असर पारेको उल्लेख गर्नुभयो ।

निर्देशनालयका अनुसार मधेस प्रदेशमा करिब १३ लाख मेट्रिकटन धान उत्पादन हुन्छ । जसमध्ये यस वर्ष भने करिब १० लाख मेट्रिकटनको हाराहारीमा धान उत्पादन हुने अनुमान गरिएको छ ।

निर्देशनालयका अनुसार मधेस प्रदेशमा आठ जिल्लामा धान रोपाइँ हुने तीन लाख ७२ हजार ६४५ हेक्टर छ । जसमध्ये ८७ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भएको थियो । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव उमेश दाहालले मधेस प्रदेश सरकारले कृषि क्षेत्रमा यान्त्रिक प्रविधि गरेर उत्पादकत्व बढाउनेतर्फ अग्रसर रहँदै आइरहेको बताउनुभयो ।

“प्रदेश सरकारका भएका प्रविधिहरुको उच्चतम प्रयोग गर्दै कृषि क्षेत्रलाई व्यवस्थित गर्न लागिरहेका छौँ”, उहाँले भन्नुभयो, “प्राविधिकहरुको दक्षता अभिवृद्धि समग्र कृषि क्षेत्रलाई सुधार्नेतर्फ अग्रसर भइरहेका छौँ ।”

कृषि अनुसन्धान निर्देशनालय मधेस प्रदेशका प्रमुख विश्वेरप्रसाद यादवले प्रदेशस्तरमा कार्यरत रहेका कृषि प्राविधिकको क्षमता अभिवृद्धि गरेर कृषिमा लागत घटाउँदै उत्पादकत्व बढाउनको लागि अभिमुखीकरण गरिएको जानकारी दिनुभयो । “कृषि क्षेत्रमा भएको यान्त्रिकरण र प्राविधिक विषयलाई कृषकमाझ पुर्‍याउन यस्ता खालका कार्यशाला गोष्ठी गर्दै आइरहेका छौँ”, उहाँले भन्नुभयो, “यसले कृषि क्षेत्रमा भएका नयाँ प्रविधि र अनुसन्धानका कार्यलाई हस्तान्तरण गर्नका लागि मद्दत पुर्‍याउनेछ ।”

# संविधानको रक्षा र सुशासनका लागि क्षेत्राधिकारभित्र रहेर काम गर्ने प्रदेश प्रमुख कर्णको प्रतिबद्धता

जनकपुर, २८ कात्तिक (रासस) । मधेस प्रदेशका नवनियुक्त प्रदेश प्रमुख डा सुरेन्द्र लाभ कर्णले संविधानको रक्षा र सुशासनका लागि काम गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

जनकपुरधामस्थित प्रदेश प्रमुख कार्यालयमा पदभार ग्रहण गर्दै शुक्रबार सञ्चारकर्मीसँग उहाँले आफूलाई संविधानले दिएको अधिकारभित्र रहेर न्यायपूर्ण रूपमा काम गर्ने बताउनुभयो ।

प्रदेश प्रमुख डा कर्णले आफू पत्रकारमैत्री प्रदेश प्रमुखको रूपमा रहने धारणा राख्दै सञ्चारकर्मीलाई राय, सुझाव र सहयोगका लागि आग्रह गर्नुभयो । उहाँले मधेस प्रदेश सीताको जननी भूमि रहेको भन्दै यहाँको ऐतिहासिक र सांस्कृतिक पहिचानप्रति सम्मान गर्दै अगाडि बढ्न अपिल गर्नुभयो ।

प्रदेश प्रमुख डा कर्णले त्रिभुवन विश्वविद्यालयमा अर्थशास्त्रको प्राध्यापकको रूपमा लामो समय सेवा गर्नुभएको थियो । त्यहाँबाट सेवा निवृत्त उहाँले राष्ट्रिय योजना आयोगका सदस्यका रूपमा समेत काम गरिसक्नुभएको छ ।

संघका अध्यक्ष अग्रवालले जिल्लामा ७० हजारभन्दा बढी करदाता रहेको अवस्थामा आन्तरिक राजस्व कार्यालय नै स्थापना हुनुपर्ने माग गरेका छन् ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*